०८।७।११।१

## सूचना

अघिदेखि एकतन्त्र--शासनमा कोजाग्रत पञ्चक इत्यादिमा र कुनै कुनै उत्सव इत्यादिमा जूवा फुकाई जूवा खेल्ने चलन थियो। त्यसले खाल थाप्नेहरू र सयकडा १।२ जित्नेहरूलाई मात्र फाइदा भै आम जनतालाई नोक्सान भइरहन्थ्यो। हाल प्रजातन्त्र भएपछि यस्तो दुर्व्यसनबाट दुनियाँहरूलाई बचाउनाका निमित्त जूवा खेल्ने प्रथा एकदम तोडिदिइएकोमा गएको कोजाग्रत पूर्णिमाका दिन कसैकसैले आफ्नो स्वार्थ साधनको निमित्त ठाउँठाउँमा जूवा खेलाएको यस विभागमा सूचना आएकोले अब उप्रान्त त्यस्ते जूवा खेलाउनेहरू र खेल्नेहरू उपर सरकारको कडा दृष्टि रहनेछ। यस कुराको बारेमा पूरा रेखदेख गर्नू भनी पुलिस-विभागलाई लेखी गएको छ। तसर्थ सबै जनता मिली यस्तो दुर्व्यसन हटाउनामा सरकारलाई सहायता दिई यस्तो दुर्व्यसनको जरै उन्मूलन हुनु अत्यन्त आवश्यक छ। अब पनि सो कुरा नभै फेरि पनि जूवा खेले खेलाएका खबर सरकारमा आएमा सरकारले कडा सजाय दिनेछ।

आज्ञाले——

गृहसेक्रेटरी

०८।७।१।११

## सूचना

जिल्ला अड्डाखानाहरूमा जागीर भर्ना हुने र जग्गा जमीन लिन, बन्दबेपार गर्न पाउने विषयको ०८।४।२६ को गृहमन्त्रालयबाट प्रकाश भएका सूचनाको स्पष्टीकरण :—

सदरका बासिन्दाहरूलाई आफ्ना इलाकामा जागीर खान, जग्गाजमीन खरिद बिक्री गर्न, बन्दबेपार गर्न मनाहीको सनद सवाल नभै अघिदेखि चली आएकै र जिल्लामा घर जमीन भएका जिल्ला इलाकाको जागीरदारको हकमा पनि हाकिम, असिस्टेन्ट, तहरीर, विचारीलाई मात्र जागीर खान र जग्गाजमीन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खरिद बिक्री गर्न र बन्दबेपार गर्न नपाउने भएको, सोबाहेक अरूको हकमा मनाही भएको सनद सवाल नदेखिएकोले जिल्लैमा पनि लेखिएका दर्जासम्मकोले नपाउने अरूले पाउने भैरहेकोबाट कसैलाई अघि जग्गाजमीन लिइरहेका ठाउँमा पछि जागीर खानै नपाउने र अघिदेखि गरिआएको बन्दबेपार पनि जागीर हुना-साथ स्थगित गर्नुपने भै कामदारहरूमा धेरै बाधा अड्काउ हुने भैरहेको ०७ साल चैत्र २९ गते सदर गरिबक्सेको नेपाल राज्यभर लागू हुने अन्तरीम शासन विधानले नागरिकहरूले पाएको अधिकारबमोजिम सबैलाई एकै किसिम गर्नुपर्ने हुनाले सो विषय जिल्लाको हकमा भैरहेको सनद सवालसम्म लागू नहुने गरी सूचना जारी भएको हो। जुन अड्डा विभागमार्फत निकासा हुनु गर्नुपर्ने काम छ। सो विभागका कर्मचारीहरूले आफ्ना नामबाट सो काम भने गर्न हुँदैन।

---

आज्ञाले —

गृहसेक्रेटरी.

## पब्लिक सर्भिस-कमिशनको
## सूचना नं. ५

तपसीलका अस्पतालहरुका निमित्त लेखिएको तलब र भत्तामा ४ एल.एम.एफ. डाक्टर चाहिएका छन्। नेपाली जातीयता प्राप्त उम्मेदवारले २००८ मार्ग १६ गतेसम्ममा प. स.क. र नेपालका हरेक गोस्वारा, माल, हुलाकमा पाइने प. स. क. नं. १ फाराममा वा त्यही नमुनाबमोजिमको फाराममा लेखी आवेदन गर्नुहोस्।

| | ठाउँ | | तलब | भत्ता |
|---|---|---|---|---|
| १ | पशुपतिनगर अस्पतालको | | १२०० | १२० |
| २ | डोटी | ,, | ,, | ४८० |
| ३ | बर्दिया | ,, | ,, | २४० |
| ४ | भैरहवा | ,, आर. एम. ओ. | ,, | ,, |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।